बैठक संख्याः ३३
मितिः २०८१/०१/२८
समयः बिहान ११:०० बजे
स्थानः नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन।

आज मिति २०८१/०१/२८ गते यस कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो।

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री विमला तमाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी रानामगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योति सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| २२ | सचिव | श्री चूडामणि शर्मा गौतम | |

CS CamScanner

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

**कार्यपालिका बैठकको निर्णय निकासा**

बैठक संख्याः ३३ | बैठक मितिः २०८१/०१/२८

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | महिला तथा बालबालिका शाखा | बालमैत्री स्थानीय शासन सम्बन्धमा । | बालमैत्री स्थानीय शासनसम्बन्धमा देहायबमोजिम गर्ने ।<br>१. कालिका नगरपालिकामा बालमैत्री स्थानीय शासन कायम गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ कार्यान्वयनमा लैजाने र मिति २०८१/०१/२५ मा सञ्चालित अभिमुखीकरण कार्यक्रममा गरिएको प्रतिबद्धताको अनुमोदन गर्ने ।<br>२. बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रमसम्बन्धी हेर्ने सम्पर्क शाखाको रुपमा महिला बालबालिका तथा समाज कल्याण उपशाखालाई जिम्मेवारी दिने ।<br>३. प्रत्येक वडामा एक जना वडा सदस्यलाई वडा बालमैत्री स्थानीय शासन (CFLG) सम्पर्क व्यक्ति तोक्न सबै वडामा परिपत्र गर्ने । | |
| २. | आर्थिक प्रशासन शाखा | कार्यविधी स्वीकृत सम्बन्धमा । | कालिका नगरपालिकाको हाट बजार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने । | |
| ३. | प्रशासन शाखा | ज्यालादारीमा नियुक्ति गरी कामकाजमा लगाउने सम्बन्धमा । | नगरपालिकाभित्रका विकास निर्माण र वडाहरुको कामकाजमा कायम रहेका प्राविधिक सब-इन्जिनियरहरु अपुग रहेकाले निम्नानुसारका निवेदकहरुलाई मिति २०८१/०१/१६ देखि २०८१/०३/३१ सम्म ज्यालादारीमा नियुक्ति गरिएकोमा सोको अनुमोदन गर्ने । | |

प्रस्ताव नं ३ को निर्णयमा उल्लिखित निवेदकहरु:

| क्र.सं. | नामथर | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १. | सुबोध न्यौपाने | भरतपुर-१२, चितवन | सब-इन्जिनियर | |
| २. | टेकराम महतो | कालिका-२, चितवन | सब-इन्जिनियर | |

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| ४. | राजश्व शाखा | राजश्व फिर्ता सम्बन्धमा । | ठेक्का नं 017/WORKS/KM/080-81 मा लामा निर्माण सेवाले धरौटी बापत जम्मा गरेको रकम राजश्व खातामा जम्मा भएकोले धरौटी फिर्ताको माग बमोजिम फिर्ता गर्न नसकिएकोमा राजश्व फिर्ता शीर्षकबाट खर्च लेखी लामा निर्माण सेवाको नाममा प्राप्त आम्दानी फिर्ता गर्ने । | |
| ५. | आर्थिक प्रशासन शाखा | आर्थिक सहायता सम्बन्धमा । | नगरप्रमुखस्तरबाट भएका विभिन्न नागरिक/संस्थाहरुलाई आर्थिक सहयोगसम्बन्धी निम्नानुसारका निर्णयहरुको अनुमोदन गर्ने ।<br>१. कालिका-३ बस्ने मान बहादुर थिङको उपचारार्थ रु.१०,०००।-<br>२. कालिका-५ बस्ने भगन महतोको काजक्रिया खर्च रु.७,०००।-<br>३. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, बालकुमारी एकाईको कार्यक्रमलाई सहयोगस्वरुप रु.१०,०००।-<br>४. वैदिक सनातन धर्म संरक्षण समाजको भित्तेपात्रो छपाईको लागि सहयोगस्वरुप रु.१५,०००।- | |
| ६. | भवन तथा बस्ती विकास शाखा | मापदण्ड नपुगेको घर/भवन अभिलेखीकरण सम्बन्धमा । | भवन तथा बस्ती विकास शाखाबाट पेश भए बमोजिम कालिका नगरपालिका भवन निर्माण तथा नक्सा पास निर्देशिका, २०८० को परिच्छेद-९ को दफा ४७ (ख) पूर्व निर्मित भवनको अभिलेख सम्बन्धी व्यवस्था अनुसार मापदण्ड नपुगेको घर तथा भवन अभिलेखीकरणको लागि आवश्यक प्रक्रिया पुरा गरी पेश भएका संलग्न सूची बमोजिमका घर/भवनहरुको अभिलेखीकरण गरी अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने । | सूची संलग्न |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकिय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

(छाप: कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन, बागमती प्रदेश, नेपाल, २०७३)

CamScanner

**घर अभिलेखीकरणको सूची:**

| क्र.सं. | घरधनीको नाम | ठेगाना | कित्ता न . | क्षेत्रफल | वडा समितिको निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सोमल कुमाल | कालिका-३ पदमपुर – ८ क | ९९० | ५७६.१८ | २०८०/१२/२७ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |
| २. | दल बहादुर छेत्री | कालिका-५ पदमपुर ५/क | ५०३ | १५२.३७ | २०८०/०९/२६ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने र संधियार तर्फ हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ३. | जगत कुमारी भण्डारी | कालिका-२, पदमपुर २/क | ९५ | ०-७-०-० | २०८०/१०/१४ | संधियार तर्फ हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ४. | आसमान तमाङ | कालिका-७, जुटपानी ४/घ | ७२५ | ०-६-१७.५ | २०८०/०६/२९ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |

३

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

रेग्मी
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
कालिका नगरपालिका
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल
२०७३